# फाल्गुनन्द राजपत्र

## फाल्गुनन्द गाउँपालिकाद्वारा प्रकाशित

*खण्डः७* *संख्याः ७* *मितिः २०८१/०२/१०*


**भाग-२**

## फाल्गुनन्द गाउँपालिका, फाक्तेप, पाँचथर

*गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।*

### शित भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः**

कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई उपयुक्त तापक्रम र सापेक्षित आद्रता भएको कक्षमा निश्चित समयसम्म भण्डारण गरी बजारको माग अनुसार बजारमा आपूर्ति गर्ने तथा उत्पादन उपरान्त हुने नोक्सानिलाई कम गरी कृषकको आम्दानि बढाउने उद्देश्यले गाउँपालिका भित्र नेपाल सरकार वा प्रदेश सरकार, स्थानीय तह एवं साझेदार संस्थाहरुबीचको लागत साझेदारीमा निर्माण भएका शित भण्डार गृह (Cold Store) हरुको प्रभावकारी सञ्चालन, दिगो व्यवस्थापन तथा नियमन गर्ने व्यवस्था गर्न वाञ्छनिय भएकोले फाल्गुनन्द गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार फाल्गुनन्द गाउँपलिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम प्रारम्भ र विस्तारः** (१) यस कार्यविधिको नाम "शित भणडार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि २० मेट्रिक टन भन्दा बढी क्षमताका शित भणडार गृहहरुको हकमा लागु हुनेछ ।

(३) यो कार्यविधि संघीय सरकार वा प्रदेश सरकार, स्थानीय तह र सहकारी संस्थासँगको लागत सझेदारीमा निर्माण हुने शित भणडार गृहहरुको हकमा लागु हुनेछ ।

(४) यो कार्यविधि फाल्गुनन्द राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कृषि उपजहरु" भन्नाले कृषकहरुले उत्पादन गरेर बजार पूर्व सुरक्षित भणडार गर्नुपर्ने आलु, सुन्तला, किवि लगायत तरकारी फलफुल बिउ विजन आदि सम्झनुपर्छ।

ख. "स्थानीय तह" भन्नाले फाल्गुनन्द गाउँपालिका सम्झनुपर्छ।

ग. "शित भण्डार गृह" भन्नाले कृषि उपजहरुलाई निश्चित समयसम्म सुरक्षित भण्डारण गर्न सकिने उपयुक्त तापक्रम र सापेक्षित आद्रता भएको सिङ्गलचेम्बर वा मल्टिचेम्वारयुक्त कक्ष सहितको संरचना सम्झनुपर्छ।

घ. "सहकारी संस्था" भन्नाले शित भण्डार सञ्चालनबाट लाभान्वित हुने कृषकहरु आवद्ध रहेको स्थानीय सहकारी संस्था सम्झनुपर्छ।

ङ. "सञ्चालक समिति" भन्नाले दफा ७ बमोजिमको शित भणडार सञ्चालक समिति सम्झनुपर्छ।

च. "साझेदार संस्था" भन्नले स्थानीय तहको स्विकृत कार्यक्रम अनुसार निर्माण हुने भएका शित भण्डार गृहहरुमा कूल लागतको कम्तिमा तिश प्रतिशत लागत साझेदारी सहेका स्थानीय तह सम्झनुपर्छ ।

छ. "सेवा शुल्क निर्धारण समिति" भन्नाले दफा ९ बमोजिमको समिति सम्झनुपर्छ ।

## परिच्छेद २

## शित भणडार सञ्चालन एवं व्यवस्थापन

**३. शित भण्डार हस्तान्तरण:** (१) स्थानीय तहले शित भण्डार गृहहरुको निर्माण तथा जडान कार्य सम्पन्न गरे पश्चात सोको प्रविधिक परीक्षण एवं मूल्याङ्कन गरी सम्वन्धित साझेदार संस्थालाई विधिवत हस्तान्तरण गर्नेछ।

तर संघीय सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारको एकल लगानिमा निर्माण सम्पन्न हुने शित भण्डार गृहहरु सम्वन्धित स्थानीय संस्थाहरुलाई हस्तान्तरण गर्दा त्यस्तो शित भण्डारको स्वमित्व स्थानीय तहमा नै रहने गरी भोगाधिकार मात्र हस्तान्तरण गरिन्छ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण भएका शित भण्डार गृहको दिगो सञ्चालन व्यवस्थापन रेखदेख तथा मर्मत संभार सम्वन्धि सम्पूर्ण दायित्व र जिम्मेवारी साझेदार संस्थाको हुनेछ ।

(३) यस कार्याविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय सरकारको एकल लगानिमा निर्माण भएका शित भण्डार सम्वन्धी साझेदार संस्थाले स्थानीय तहवाट भोगाधिकार प्राप्त गरेकोमा यस कार्यविधि बमोजिम कार्य नगरेमा जुन सुकै बखत स्थानीय सरकारले भोगाधिकार फिर्ता लिन सक्नेछ ।

४. **स्वामित्व हुने:** यस कार्यविधि बमोजिम स्थानीय सरकारको एकल लगानिमा निर्माण सम्पन्न हुने वा भएका शित भण्डार गृहहरु बाहेक अन्य शित भणडार गृहको सम्पति माथिको स्वमित्व सम्वन्धित स्थानीय तहको हुनेछ ।

५. **साझेदारको नाम उल्लेख गर्नुपर्ने:** यस कार्यविधि बमोजिम निर्माण भएका शित भण्डार गृहमा साकझेदारहरुले गरेको लगानी अंश र नाम समेत उल्लेख गरी देख्ने स्थानमा राख्नु पर्नेछ ।

६. **कृषि उपज भण्डारण:** (१) शित भण्डार केन्द्रमा विशेष गरी सुन्तला, अकबरे, किवी तथा फलफूल लगायतका अन्य कृषि उपजहरु भण्डारण गरिने छ ।

(२) शित भण्डारमा कृषि उपजहरुलाई नेपाल सरकारले स्विकृत गरेको पोष्टहार्भेष्ट अनुसार निर्धारित तापक्रम, सापेक्षित आद्रता एवं उपयुक्त हावाको सञ्चार कायम गरी निश्चित समयसम्म भण्डारण गर्नुपर्नेछ ।

७. **शित भण्डार सञ्चालक समिति गठन:** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको एकल लगानीमा निर्माण भएको हकमा शित भण्डार गृहको नियमित सञ्चलान, व्यवस्थापन तथा नियमन गर्न देहाय बमोजिमको एक सञ्चालक समिति गठन गरिनेछ।

| | |
|---|---|
| क. अध्यक्ष, फाल्गुनन्द गाउँपालिका | -अध्यक्ष |
| ख. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ग. सम्बन्धित वडा अध्यक्ष | –सदस्य |
| घ. अध्यक्ष, स्थानीय सहकारी संघ | –सदस्य |
| ङ. कृषक प्रतिनिधि (व्यवसायिक कृषक/कृषि उद्यमी) तीन जना महिला सहित चार जना | -सदस्य |
| च. कृषि शाखा प्रमुख सम्बन्धित स्थानीय तह | -सदस्य सचिव |

(२) सञ्चालक समितिमा कम्तिमा एक जना महिला अनिवार्य हुनु पर्नेछ ।

(३) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) साझेदार संस्थासँगको लगानीमा निर्माण भएको शित भण्डार सञ्चालन सम्बन्धमा सम्बन्धित साझेदार संस्थाको कार्यसमिति जिम्मेवार हुनेछ।

८. **सञ्चालक समितिको काम कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. शित भण्डार गृहको नियमित सञ्चालन, व्यवस्थापन रेखदेख तथा मर्मत संभारको लागि आवश्यक प्रवन्ध मिलाउने।

ख. कृषकले उत्पादन गरेका कृषि उपजहरुको सुरक्षित भण्डारण गुणस्तर प्रवर्द्धन र बजार आपूर्तिको लागि सहज र सर्वसुलभ व्यवस्था मिलाउने।

ग. शित भण्डार गृहसँग सम्वन्धित समग्र व्यवस्थापन र दैनिक प्रशासनिक कामको जिम्मेवारी सहित सञ्चालक समितिको निर्देशन बमोजिमको कार्य सम्पादन गर्ने एक जना योग्य एवं सक्षम व्यवस्थापक नियुक्त गर्ने।

घ. शित भण्डारको नियमित एवं प्रभावकारी सञ्चालन र सेवा प्रवाहको लागि आवश्यक पर्ने प्राविधिक जनशक्तिको नियुक्ति एवं व्यवस्थापन गर्ने।

ङ. सेवा शुल्क निर्धारण समितिले निर्धारण गरेको शुल्क लिई कृषकहरुलाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने।

च. सेवा शुल्क बापत प्राप्त आम्दानी र खर्चको सहि किसिमले लेखा जोखा राख्ने र परिचालन गर्ने।

छ. शित भण्डारको लागि आवश्यक सबै किसिमका श्रोत साधनहरु जुटाउने।

ज. साझेदार संस्थाको हकमा स्थानीय तहले निर्देशन गरे बमोजिमको थप कार्यहरु गर्ने।

९. **सेवा शुल्क निर्धारणः** (१) शित भण्डार गृह मार्फत कृषि उद्यमि व्यवसायीहरुलाई सेवा प्रदान गरे बापतको सेवा शुल्क निर्धारण गर्न देहाय बमोजिमको एक समिति गठन हुनेछ ।

क. उपाध्यक्ष, फाल्गुनन्द गाउँपालिका - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एक जना अधिकृत कर्मचारी - सदस्य

ग. संयोजकबाट मनोनित कृषक प्रतिनिधि एक जना महिला सहित तीन जना - सदस्य

घ. राजस्व शाखाको प्रमुख - सदस्य सचिव

२) सेवा शुल्क निर्धारण समितिको सदस्य संख्या आवश्यकता र औचित्यताको आधारमा थप घट गर्न सकिने छ ।

३) सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा देहायका कुराहरुलाइ आधार मान्नु पर्छ ।

क. शित भण्डार गृहको सेवा बापत शुल्क निर्धारण गर्दा सम्वन्धित जिल्ला वा स्थानीय तहमा रहेका निजि लगानिमा सञ्चालन हुने जुनसुकै शित भण्डारहरुले निर्धारण गरेको भन्दा बढी शुल्क नहुने गरी सहुलियतपूर्ण तरिकाले निर्धारण गर्नु पर्नेछ । यस्तो शुल्क सबैले देख्नेगरी सम्वन्धित शित भण्डार गृहको हाताभित्र राख्नु पर्नेछ ।

ख. सहकारी संस्था स्थानीय कृषक एवं कृषि उद्यमी / व्यवसायीलाई लिइने भण्डारण तथा सेवा शुल्क निर्धारण गर्दा मुख्य गरी सञ्चालन खर्च, व्यवस्थापन खर्च र मर्मत संभार खर्चको मात्रा लेखाजोखा एवं विश्लेषण गर्नु पर्नेछ । उक्त शुल्क निर्धारण गर्दा शुरु पुँजी लगानीको अंशलाई आधार मानिने छैन ।

ग. स्वयं कृषक, कृषक समूह, सहकारी वा उत्पादक बाहेक अन्य थोक विक्रेताले कृषि उत्पादन संकलन गरी व्यावसायिक रुपमा भण्डारण गरेको हकमा समितिले थप शुल्क तोक्न सक्नेछ।

घ. जिल्ला बाहिरका व्यवसायी तथा अन्य कृषि उपज संकलनकर्ताहरुको हकमा भने शुरु पूँजी लगानीलाई समस्त विश्लेषण गरी शुल्क निर्धारण गर्न सकिनेछ ।

ङ. समितिले सेवा शुल्क निर्धारण गर्नको लागि आवश्यकता अनुसार विज्ञ तथा परामर्शदाताको सहयोग लिन सक्नेछ ।

च. सेवा शुल्कवापत प्राप्त आम्दानिलाई कार्यपालिको/साझेदार संस्थाको स्वीकृतिमा सञ्चालक समितिले शित भण्डार गृहको नियमित सञ्चालन व्यवस्थापन रेखदेख मर्मत संभार तथा स्तरोन्नति गर्न खर्च गर्नु पर्नेछ ।

४) सेवा शुल्कको निर्धारण हरेक आर्थिक वर्षको शुरु महिनामा गरिसक्नु पर्नेछ ।

५) सेवा शुल्क निर्धारण समितिको शुल्क निर्धारण गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गरी निर्णय भएपछि मात्र लागू हुनेछ ।

## परिच्छेद -३

## विवध

१०. **सेवा प्रवाह:** शित भण्डार मार्फत सेवा प्रवाह गर्दा सम्बन्धित स्थानीय तह र जिल्लाभित्रका कृषि उद्यमी/व्यवसायीहरुलाई पहिलो प्राथमिकता दिइनुपर्नेछ ।

११. **सुरक्षा तथा बिमाको व्यवस्था:** स्थानीय तहले आवश्यक मापदण्ड कार्यविधि बनाई शित भण्डारमा भण्डारण गरिने कृषि उपजहरुको बिमा लगायतका सुरक्षण उपायहरु अपनाउनु पर्नेछ ।

१२. **नियमानुसार दर्ता हुनु पर्ने:** स्थानीय तह वा साझेदार संस्थाले प्रचलित कानून अनुसार तोकेको निकायमा दर्ता प्रक्रिया पुरा गरी शित भण्डार सञ्चालन गर्नु पर्नेछ ।

१३. **अनुगमन सम्बन्धि व्यवस्था:** सम्वन्धित स्थानीय तहले शित भण्डार र यसका सम्पूर्ण गतिविधिहरुको अनुगमन गरी आवश्यक पृष्ठपोषण तथा निर्देशन लिन सक्नेछ ।

१४. **लेखा गरीक्षण:** (१) शित भण्डार सञ्चालनको क्रममा हुन गएको आम्दानी खर्चको लेखा राख्ने सो को नियमित लेखापरीक्षण गराउने व्यवस्था सञ्चालक समितिले गर्नु पर्नेछ ।

(२) वार्षिक आय व्यय तथा लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि गाउँपालिका अनिवार्य बुझाउनु पर्नेछ ।

१५. **बाधा अडकाउ फुकाउने अधिकार:** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यविधिको मर्म विपरीत नहुने गरी कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले

निर्मल तुम्रोक

(प्रमुख प्रशासकीय अधिकृत)